## पूर्वप्रकाशित सामग्री

# इतिहासको बाटोमा पर्ने बाधा

**नयराज पन्त**

*[नेपाली बौद्धिक वृत्तमा इतिहास पुनर्लेखनको आग्रह झण्डै सर्वव्यापी छ । शोषित पीडित अथवा भुइँतहका मानिस अटाउने नयाँ खाले इतिहास लेखिनुपर्‍यो भन्नेहरू एकातिर छन् । अर्कातिर, सत्तासीनको होइन, जनताको इतिहास लेखिनुपर्‍यो भन्नेहरू छन् । राज्य केन्द्रित संकथनहरूको विरुद्धमा क्षेत्रीय, भाषिक, वर्गीय र अरूअरू कोटिका स्वर समेटिने समावेशी संकथन चाहियो भन्नेहरू पनि छन् । यसै क्रममा आफ्नो जीवनको अथवा नेपाली समाजको नितान्त आत्मपरक व्याख्याको बाढी आएको देखिन्छ—आत्मकथा अथवा जीवनी बनेर । मनोगत "सिद्धान्त" लाई सामाजिक तथ्यमा रोपेर नौलो खाले इतिहास पनि लेखिएका छन् । तथ्यहरूको भेलले वाद-प्रतिवादलाई बगाइदिने अभिप्रायले पनि नयाँ खाले इतिहास लेखिएका भेटिन्छन् । अतीतमा भएगुज्रेका तथ्यबाट प्राकृतिक प्रयोग गर्ने धुनले भन्दा वर्तमानको राजनीतिक र सामाजिक सरोकारले यी मनोगत र तथ्यगत दुवैखाले इतिहास लेखकलाई आक्रान्त पारेको देखिन्छ । यसले नेपाली इतिहास लेखनमा विविधता थपेको छ । साथै, विश्वविद्यालयहरूमा इतिहास पठनपाठनको अवस्था जेजति दुःखद् होस्, काठमाडौँमै सीमित भए पनि इतिहासमा आधारित लेखनले एकखाले बजार तताएको छ । इतिहास कस्तो लेखिनुपर्छ भन्ने एउटै परिभाषा त थिएन, छैन र हुनु पनि हुँदैन होला ।*

*सबैखाले इतिहास पुनर्लेखनको आग्रह पछाडि पुरानो पुस्ताको इतिहास लेखन अपूरो, खण्डित अथवा दोषयुक्त छन् भन्ने तर्क सुनिन्छ । कहिलेकाहीँ विद्यमान संकथनले ल्याएका वाद, प्रतिवाद, तर्क वा तथ्यको आलोचना गर्नेतिर नलागी त्यस्तो इतिहास लेख्ने पुरानो पुस्ताका खोजकर्तालाई मताग्रही, कपटी अथवा छली मानेर सराप्ने नयाँ खाले इतिहास लेख्न चाहनेहरूको प्रवृत्ति पनि नदेखिने होइन । पुरानो पुस्ताको योगदानलाई खारेज गरिदिनुको विकल्प तिनको यशगान र महिमाबखान होइन । तर तिनलाई इतिहास लेखनका सिद्धान्तबारे कुनै चिन्ता हुँदैनथ्यो अथवा ती खाली राज्यसत्ता वा अर्थदाताको प्रभावमा परी चाटुकार मात्रै रहे भन्ने कुरा यति छिटो पत्याइनु पनि शुभ संकेत होइन । आफ्नो*

*समाज अध्ययन* १२ : १९५–२१०, २०७४

*इतिहास लेखनलाई केही तात्कालिक र केही सार्वजनिन सिद्धान्तका आधारमा तिनीहरूले सधैँ मूल्यांकन गरिरहन्थे भन्ने मानेर तिनलाई पढ्दा इतिहास लेख्ने र पढ्ने दुवै प्रकारका मानिसमा सकारात्मक नै प्रभाव पर्नसक्छ ।*

*यस सन्दर्भमा समाज अध्ययनको यो अंकमा हामीले नयराज पन्त (१९७०–२०५९) ले महाविद्यालयका विद्यार्थीहरूका लागि लेखेको र नेपाली भाषा प्रकाशिनी समितिले छापेको पाठ्यपुस्तक नेपाली गद्य संग्रहमा परेको लेख सँगालेका छौँ। यो लेख पहिलोपल्ट छापिएको संस्करण उपलब्ध हुन सकेन । सम्भवतः दोस्रो आवृत्तिको पाठलाई नयराज पन्तका शिष्य र संशोधन-मण्डलका सदस्य धनवज्र वज्राचार्यले सारेर राखेको प्रतिलिपि पनि यहाँ दिइएको छ ।[१] प्रकाशित लेखमा छिरेका अशुद्धिहरू धनवज्रले उतारेको प्रतिलिपिमा सच्याइएकाले यो लेखको हिज्जे र व्याकरणलाई सोही प्रतिलिपि बमोजिमै गरिएको छ । नयराजका अरू-अरू ठाउँमा प्रकाशित लेखको पनि हस्तलिखित प्रति बनाइराख्ने चलन थियो । लेखकले उदाहरणको रूपमा दिएको "कलवानको ताँवापत्र" हस्तलिखित प्रति र छापा दुवैमा छैन । ताम्रपत्रलाई लेखमा समावेश गर्ने लेखकको आशय देखिएकाले यहाँ सो ताम्रपत्रको पाठ मूल लेखमा बाकसभित्र र वासुदेव उपाध्यायले केही फरक रूपमा उतार्नु भएको अर्को पाठ पादटिप्पणीको रूपमा हालिएको छ ।*

*यहाँ पुनःमुद्रित "इतिहासको बाटोमा पर्ने बाधा" लेखको मूल उद्देश्य ऐतिहासिक आकरका विश्लेषणमा आउने व्यावहारिक कठिनाइ सुनाउनु त्यति होइन जति तिनले उब्जाउने सैद्धान्तिक समस्याबारे चर्चा गर्नु हो । तीमध्ये दुइटा समस्याको नयराजले उदाहरण दिएर चर्चा गरेका छन् । पहिलो, इतिहासका आकर निर्माण गर्नेले तिनमा आफ्नो हित अनुकूलका कुरा मात्र राख्छन् । सत्य असत्यको घालमेल गरिदिन्छन् । त्यसैले तिनको परीक्षा गर्नेले, लेखककै शब्दमा, "एक मुरी भूसबाट एक माना चाँवल" निकाल्न झैँ परिश्रम गर्नुपर्छ । दोस्रो, इतिहासका आकरलाई उपयोग गर्न भाषामाथि अधिकार हुनुपर्छ । आफूले नजानेको अथवा अलि-अलि जानेको भाषामा संज्ञा कुन, क्रियापद कुन भनेर छुट्ट्याउन समेत गाह्रो पर्छ । यी दुई बाहेक ऐतिहासिकहरूले इतिहासको मुख्य प्रयोजन—गुणदोष परीक्षा—गर्न त अरू धेरै कष्ट पनि उठाउनुपर्छ भन्ने उनलाई लागेको कुरा उनका अरू लेखबाट समेत थाहा पाइन्छ । नेपालका जेठा पुस्ताका असल ऐतिहासिकहरूले इतिहासको अनुशीलन गर्दा सत्तापेक्षी अथवा मताग्रही नभई आफ्नो कामका सैद्धान्तिक र विधिगत समस्यालाई लिएर चिन्तन गरिरहन्थे भन्ने यसबाट स्पष्ट हुन्छ ।*

*प्रस्तुति : **योगेश राज**, इतिहास अनुसन्धाता, मार्टिन चौतारी]*

***

[१] *प्रस्तुत लेखको छापा प्रति उपलब्ध गराइदिने शिव रेग्मी र हस्तलिखित प्रति उपलब्ध गराइदिने महेशराज पन्तलाई धन्यवाद छ ।*

[ज्योतिषमा आचार्य । प्रकाशित पुस्तक ३ । पत्रपत्रिकामा कृतिको प्रकाशन । पन्तजी इतिहासका ज्ञाता हुनुहुन्छ । अनि वार्णिक छन्दमा लेखेर पनि व्याकरणमुताबिक पद्यरचना गर्नुहुन्छ । ऐतिहासिक निबन्ध पनि उहाँ लेख्नुहुन्छ । उहाँको शैली सरल छ, विचार गहिरो छ ।]

अघि भएको कुरालाई इतिहास भन्दछन् । भएको कुरा असल नअसल दुबै हुन्छ । यस कामको यस्तो फल भयो भनी जान्नु र अघि भएको अनुभवबाट असल बाटो ठम्याउनु इतिहासको मुख्य प्रयोजन हो । यसकारण ऐतिहासिकले वैद्यले जस्तै गुण दोषको ठीक परीक्षा गरी त्यसैअनुसार पथ्य कुरा देखाउन शक्ने हुनुपर्दछ ।

संसारमा प्राय: सबैलाई आफ्नो शुभकीर्ति फैलाउने र दुष्कीर्ति लुकाउने इच्छा हुन्छ । आफ्नो हितेच्छुलाई पनि कति मानिस आफ्नो दुष्कर्म खोल्न चाँहदैनन् । कति रोगीहरू आफ्नो उपचार गर्ने वैद्यलाई पनि आफ्नो रोगको कारण भएको कुकर्मलाई भन्दैनन् । बरु रोगको पीरले त्यसै भुट्भुटिन्छन् अझ राजकाजी मानिसहरू त आफ्ना अनुयायी बढाउने र आफ्नो अनुकूल एकोहोरो प्रचारलाई नै बढाँउछन् र सत्य कुरालाई दबाउन पनि अनकनाउदैनन् । यस कारण ऐतिहासिकलाई अत्यन्त कष्टमा पर्नुपर्दछ । यदि इतिहास भनेर कुनै आफ्नो अनुकूल कुरो प्रचार गर्ने चेष्टाले त्यस विद्वान्लाई वशमा पारेको छैन भने आफ्नो जीउको परीक्षा गर्न नदिने रोगको कारण नबताउने रोगीको खाली मुखको भर परी औषधि गर्नुपर्ने वैद्यले जुन कष्ट भोग्नुपर्छ, त्यत्तिकै वा त्यसभन्दा पनि बढी कष्टमा सधैं ऐतिहासिकले परिरहनुपर्दछ ।

चन्द्रमयूख श्री ३ चन्द्रको गुणवर्णन भएको एउटा पुस्तक हो । यसका लेखकले श्री ३ चन्द्रलाई देवतुल्य बनाई वर्णन गरेका छन् । सो पुस्तकबाट पनि श्री ३ चन्द्रका समयको केही कुरा थाहा पाइन्छ । परन्तु सो थाहा पाउन एक मुरी भूसबाट एक माना चाँवल निकाल्न झैं परिश्रम गर्नुपर्छ ।

सर्कार्को उदयेमहाँ हुकुम भै खारीज् गरी राज्कुलो
सारा पल्टनलाई भोज् बकस भै पोसाक् पहेंलो मिल्यो ।
पाण्ढीकी पनि खारिजै गरि जहाँ मैदान् बनाई सफा
धेरै खर्च गरेर सुन्दर बन्यो श्रीसिंहदर्वार अहा ॥

[वि.सं. १९७० मा प्रकाशित पण्डित जगन्नाथ वैजनाथ सेढाईंको चन्द्रमयूखको २३ पृष्ठ]

सिंहदरवार नबन्दै त्यहाँ पाण्ढीकी=पानी ढीकी=पानीबाट चल्ने ढिकी जस्तो यन्त्र=टकसार थियो भन्ने कुरो यही पुस्तकबाट बुझिन्छ । तर यो बुझ्न कैयन पत्रको पाठ गर्दै बिर्सँदै दिन बिताउनुपर्छ ।

वजिरिस्थानको यात्रा भारतको सीमाप्रान्तमा अंग्रेजी राज्यको रक्षा गर्न गएका नेपाली सेनाको केही वर्णन परेको श्री ३ चन्द्र र उनका पुत्र श्रीबबर (भूतपूर्व रक्षामन्त्री) को गुणवर्णन भएको एउटा पुस्तक हो । यसबाट पनि परिश्रमगरी केलाउँदा केही कुरो पाइन्छ ।

हाम्रा ठूला सुमित्रै निजउपरमहाँ काम पर्दा अहीले
ओजीरीस्थानमा गै लडिकन बहुतै फर्कि आएँ म ऐले ।
हिन्दुस्थान्मा अगाडी जउन हुन गयो म्यूटिनी भारि त्यस्मा
आई हामीहरूले लडि त अघि पनी ज्यान दियौं बखत्मा ॥ ३०४ ॥
साठी वर्षै पछाडी बखत अति ठुलो आइ पर्दा अहीले
सोही माफिक् गरीकाम् वृटिसउपरमा ज्यान दीयौं खुशीले
मैत्रीसूत्रै बलीयो गठन हुनगई ऐङ्ग्ल-नेपालविचैमा
बाँधीयाको जउन्हो पछि तलक पनी बढ्न जाओस् दुवैमा ॥ ३०५ ॥

[वि.सं. १९७५ मा प्रकाशित क.प. योगबिक्रम जङ्गराणाको वजिरिस्थानको यात्राको ४९ पृष्ठ]

नेपालका राणा शासकहरू भारतको अंग्रेजी राज्यसँग जुन सम्बन्ध राख्न चाहन्थे, त्यसको झलक यहाँ पाइन्छ । अर्कै विषयका पुस्तकहरूमा पनि प्रसङ्गवशले लेखकले मालिकलाई रिझाउन उनको वर्णन गरेको पनि कतै कतै पाइन्छ । त्यहाँ ती कविहरूले मालिकलाई रिझाउन अतिशयोक्तिले वर्णन गरेका हुनाले सो वर्णन गुणदोष परीक्षाका लागि काम नलागे पनि समय निर्धारणका लागि ती लेखहरू काम लाग्दा हुन्छन् । जस्तै–

दाज्यै खडा छन अहा झलमल्ल चन्द्र
सानन्द पारि सब लोक अजाततन्द्र ॥ ३६७ श्लो.

[वि.सं. १९७६ मा प्रकाशित पण्डित लेखनाथ पौड्यालयको सत्यकलिसंवाद]

भूत्राणार्थीभवद्राणाकुलाम्भोनिधिकौस्तुभे ।
नेपालदेशभूभागभागधेयसमुद्भवे ।
… … … … … … …
निजप्रजानिर्विविशेषप्रजाक्षेमप्रसारिणि
… … … … … … … …
श्रीश्रीश्रीमन्महाराजचन्द्रशम्शेरवर्मणि ।
निस्तन्द्रतां समापन्ने प्रजारञ्जनकर्मणि ॥ २३१ पृ.

[वि.सं. १९८४ मा प्रकाशित भएको पण्डित कुलचन्द्र गौतमको भागवतमञ्जरी]

नेपालका महाराज चन्द्रशम्शेरजङ्गको ।
अथवा सब नेपाली हाम्रो असल भाग्यको ॥
… … … … … … …
यहाँसम्म भिजेको छ सुधा हाम्रो शरीरमा ।
कि महाराजको हामी खाली एक हुकूमले ॥
हजारौं तोपका गोला शत्रुका वर्षंदा पनी ।
लाखौं बन्दूकका गोली छातीभित्र घुसे पनी ॥
नङ्गा गर्दनमा कोटि तलवार चले पनी ।
हामी निशानको निंति दिनेछैनौं कहीं पिठ ॥
सधैं गौरव राख्नेछौं गोरखाको, बढी बढी ।
जानेछौं स्वर्गको सीमासम्म नै नहटी कतै ॥
श्रीमहाराजको प्यारो पाउको रजको टिका ।
लाई विभूतिको सट्टा चल्नेछौं रणभूमिमा ॥

[वि.सं. १९८६ मा प्रकाशित भएको श्री बालकृष्णशम्शेरको मुटुको व्यथामा श्री ३ महाराजको जन्मोत्सवको कविता ।]

यी लेखबाट वि.सं. १९७६, ८४, ८६ मा श्री ३ चन्द्र नेपालमा रजाइँ गरिरहेका रहेछन् भन्ने स्पष्ट बुझिन्छ ।

यी घटना नजीकैका भएका हुनाले हामीहरू मुखबाट पनि बुझ्न शक्तछौं । तर शय वर्ष नाघिसकेका घटनाहरू बुझ्न यस्तै साधन नकेलाई सुख पाइँदैन ।

कान्तिपुरबाट ललितपुर जाने वागमतीको पुलमा रहेको ढुङ्गे खामोमा कुँदिएको लेखको केही अंश तल दिइन्छ । त्यसबाट विक्रमसंवत् १८६८ को नेपालको केही झलक र श्रीभीमसेन थापाको अधिकार सफासंग देखिन्छ ।

“श्रीगीवार्णयुद्धविक्रम साह महाराजाधिराज पैदा हुनु भयो ...। जस् महाराजाको सकल मन्त्रिविषे शिरोमणि भयाका भीमसेन थापा काजी छन् । जो काजी दैववशले श्रीस्वामीज्यूको अकस्मात् परलोक हुनु एहि घोर विघ्न आउँदामा पनि धीर गंभीर बुद्धिले सकल उपद्रवको निवारण गरि श्रीमहाराजाको रक्षा गर्न्या, श्रीमहाराजाको आयुष्य पुण्य प्रताप कीर्ति राज्य बढोस् भन्नानिमित्त बहुत दिनदेषि जीर्ण भयाको भंडारखाल्कन अनेक तरहका चुनागिरिले जग्जग् भयाका अनेक तरहका फलफुलका वृक्ष औषधि लतादिले पूर्ण भयाको अति सुन्दर तुल्याउन्या, जग्गा जग्गामा बाटाको संस्कार गरि सडक बनाउन्या, सहरका ढोका ढोका

छेउका पाटीहेरू दर्वारको सुनको ढोकाहेरू बनाई संस्कार गर्न्या, वारूदखाना मजाक्देवल विष्णुमतीको पूल वारीवारीका धर्मशाला घाट् सुनको धारा गोर्खाको दरवार इत्यादि बनाउन्या. आफ्ना प्रभुकन बाल्यावस्थैमा धनु हान्न, हरिकथाश्रवण गर्न घोडा चढ्न पौह्रन इत्यादि सकल राजनीतिमा कुशल तुल्याउन्या जस्का क्रोधमा सब थर्थरायमान काँपदछन्. जो आफ्ना प्रभुविषे महतारि झैं हित गर्दछन्. पिता झैं उपदेशको वार्ता विंति गर्दछन्. वंधुवर्ग झैं स्नेह गर्दछन्. सत्स्त्री झैं सुख दिंछन्. सेवामा दास झैं जो रहंछन्. जस्का मंत्रणामा चीनका पात्साहसितको घाहा पनि बंदो जांछ. जस्का मंत्रणाले आफ्ना वावा अमरसिंह थापा काजीलाई सिमानामा राषनाले वढ्याको फिरंगी पनि आकन शकदैन. जस्का भाइ नयनसिहं थापाले पनि काङ्डाकोटमा प्रभुका निमित्त लडाञिमा प्राणदिया. जो काजी यो नेपाल उपद्रवको घर हो. प्रभुभन्या बालक मैले सह्यार गर्न्या हो भन्ना निमित्त गृहसुख छोडि पनि दरवारमा बसी भित्रबाहिर सर्वत्र नजर दि खवर्दार भै रहंछन्. जसले लगायाका भाई वखतवारसिंह काजी श्री महाराजका हजूरैमा बसी श्रीमहाराजका रक्षा रात दिन गर्दछन्. जसका रक्षा निमित्त बडा भ्रातृभक्त भयाका अमृतकाजी र रणवीर काजी सर्वदा साथ रहंछन् ।"

यहाँ केही पुरानो भाषा भए तापनि नबुझिने केही छैन । यताबाट अंग्रेजसँग नेपालको संबन्ध र लडाइँ पर्ने सम्भावना स्पष्ट देखिन्छ । नेपालमा एक राजतन्त्रको पूर्ण अधिकार मन्त्रीको हातमा परेको पनि स्पष्ट देखिन्छ ।

भीमसेन थापाको त नाम सुन्ने र केही केही कुरा बुझेका मानिस पनि पाइन्छन् । तर लिच्छविहरूको त नामसम्म पनि तिनै ढुङ्गासँग सोध्न नगई सुख पाइँदैन । लिच्छविकालका शिलापत्रहरू नपढेसम्म लिच्छविवंशले नेपालमा राज्य गऱ्यो भन्ने पनि थाहा थिएन । अझसम्म पनि ती शिलालेखहरूको छानबीन राम्ररी नगरेका हुनाले बिदेशी विद्वान्हरूले र तिनका शिष्यहरूले अँशुवर्माजस्ता प्रख्यात राजाको वंशपरिचयमा समेत भ्रम फैलाइरहेका छन् । यसै गरी तिनीहरूले तानातान गरी मानदेवको चाँगुको ढुङ्गे खामोको लेखको समयलाई समेत दुइ अढाइ शय वर्षको अन्तरमा पारिरहेछन् । यसै गरी कसैले शिवदेवको भादगाउँको शिलालेखको संवत्लाई ३१८ भन्दछन् ता अर्का चाहिं ५१८ भन्दछन् । यसरी अङ्कको खिचोलो छँदैछ । यसै गरी संवत्को नामकरणमा पनि नानाथरिका तर्कहरूले आश्रय पाइरहेछन् । परन्तु एउटा सौभाग्यको कुरा लिच्छविहरूले संस्कृतभाषामा व्यवहार गरेका हुनाले भाषाको अर्थ निर्धारित भएको हुँदा भ्रम हुने सम्भावना कम छ । भारतमा पाइएका प्राकृत भाषाका शिलालेखमा परेका शब्द राजाको विशेषण हो कि अथवा राजाको नाम हो भन्ने कुरामा समेत सो प्राकृत शब्दको अनेक संस्कृत शब्दमा अनुवाद गर्दा संशय उठेको छ ।

### कलवानको ताँवापत्र[२]

| |
|---|
| १। संवत्शरये १ १०० २० १० ४ अजस श्रवणस मसस दिवसे त्रेविशे २० १ १ १ इमेण क्षुणेण चन्द्रभि उअसिअ |
| २। ध्रंमस ग्रहवतिस धित भद्रवलस भय छडशिलए शरिर प्रईस्तवेति गहथु- |
| ३। बमि सद भ्रदुण णंदिवढणेण ग्रहवतिण सध पुत्रेहि शमेण सईतेण च धितुण च |
| ४। ध्रमए सध स्ह्लुस्हएहि रजए इद्रए य सध जिवणंदिण शमपुत्रेण अयरिएण य स(र्)वस्ति- |
| ५। वअण परिग्रहे रठणिकमो पुयईत सर्वस्(व्)अत्वण पुयए णिवणस प्रतिअए होतु । |

*स्रोत: कोनो, स्टेन । सन् १९३१–१९३२ । वर्ष ३१ को कलवानको ताम्रपत्र अभिलेख ।* इपिग्राफिआ इण्डिका २१ : १५१–१५९ ।

यस कारण अक्षर अङ्क भाषाहरूको बन्धन नाघी बल्लतल्ल हामीहरू प्राचीन लेखमा पुग्न सक्छौं । आधुनिक लेखजस्ता प्रशस्तमात्रामा तिनीहरू नपाइने हुँदा झन् कष्ट पर्छ र अत्यन्त थोरै ऐतिहासिक सारसम्म पाउन पनि धौ धौ पर्छ र इतिहासको मुख्य प्रयोजन गुणदोष-परीक्षा त यस्ता ठाउँमा गर्न अतिशय कष्टमय हुन आउँछ ।

[२] पूर्वप्रकाशित लेखमा "कलवानको ताँवापत्र" भन्ने शीर्षकमात्र दिइएको छ तर सो ताँवापत्रको पाठ छुटेको छ । यो थपिएको हो । सो ताँवापत्रको पाठ वासुदेव उपाध्यायले पनि आफ्नो पुस्तकमा उतार्नुभएको छ, तर उहाँले उतार गर्नुभएको र कोनोले उतार गर्नुभएको पाठमा केही भिन्नता पाइएको छ । तुलनाका लागि यहाँ उपाध्यायले उतार्नुभएको पाठ पनि दिइएको छ :

सवत्सरये इमण चंद्र

छ(?)डशिलए प्रइस्यवेति गहथू

सघ नंदिवढणेण ग्रहूवतिण सइतेण च।धतुण

ष्णशएहि जिवर्णदिण स(र्व)स्ति

रउ-णिकमो पुयइत सर्व-स्वत्वण पुयए(।) णिबणस होतु(॥)

*(स्रोत: उपाध्याय, वासुदेव । सन् १९७०।* प्राचीन भारतीय अभिलेख । *भाग दो, पृ. २९७ । पटना : प्रज्ञा प्रकाशन ।)*

## परिशिष्ट : धनवज्र वज्राचार्यले सार्नुभएको प्रति

(३७)

# इतिहासको बाटोमा पर्ने बाधा

– श्रीनयराज पन्त (१९७०– )

[ज्योतिषमा आचार्य । प्रकाशित पुस्तक ३। पत्रपत्रिकामा कृतिको प्रकाशन । पन्तजी इतिहासका ज्ञाता हुनुहुन्छ । अनि वार्णिक छन्दमा लेखेर पनि व्याकरणमुताबिक पद्यरचना गर्नुहुन्छ। ऐतिहासिक निबन्ध पनि उहाँ लेख्नुहुन्छ । उहाँको शैली सरल छ, विचार गहिरो छ ।*]

* यो परिचय वाक्य 'नेपाली गद्य-संग्रह (दोस्रो भागमा, १३३ पृष्ठमा) सम्पादकद्वारा दिइएको हो।

(३८)

## इतिहासको बाटोमा पर्ने बाधा

अघि भएको कुरालाई इतिहास भन्दछन्। भएको कुरा असल नअसल दुबै हुन्छ। यस कामको यस्तो फल भयो भनी जान्नु र अघि भएको अनुभवबाट असल बाटो ठम्याउनु इतिहासको मुख्य प्रयोजन हो। यस कारण ऐतिहासिकले वैद्यले जस्तो गुण दोषको ठीक परीक्षा गरी त्यसैअनुसार पथ्य कुरो देखाउन शक्ने हुनुपर्दछ।

संसारमा प्रायः सबैलाई आफ्नो शुभकीर्ति फैलाउने र दुष्कीर्ति लुकाउने इच्छा हुन्छ। आफ्नो हितेच्छुलाई पनि कति मानिस आफ्नो दुष्कर्म खोल्न चाँहदैनन्। कति रोगीहरू आफ्ना उपचार गर्ने वैद्यलाई पनि आफ्नो रोगको कारण भएको कुकर्मलाई भन्दैनन्। बरु रोगको पीरले त्यसै भुटभुटिन्छन्। अझ राजकाजी मानिसहरू त आफ्ना अनुयायी बढाउने र आफ्ना अनुकूल एकोहोरो प्रचारलाई नै बढाउँछन् र सत्य कुरालाई दबाउन पनि अनकनाउँदैनन्। यस कारण ऐतिहासिकलाई अत्यन्त कष्टमा पर्नुपर्दछ। यदि इतिहास भनेर कुनै आफ्नो अनुकूल कुरो प्रचार गर्ने चेष्टाले त्यस विद्वान्लाई वशमा पारेको छैन भने आफ्नो जीउको परीक्षा गर्न नदिने रोगको कारण नबताउने रोगीको खाली मुखको भर परी औषधि गर्नुपर्ने वैद्यले जुन कष्ट भोग्नुपर्छ, त्यत्तिकै वा त्यसभन्दा पनि बढी कष्टमा सधैं ऐतिहासिकले परिरहनुपर्दछ।

चन्द्रमयूख श्री३चन्द्रको गुणवर्णन भएको एउटा पुस्तक हो।

(३९)

यसका लेखकले श्री ३ चन्द्रलाई देवतुल्य बनाई वर्णन गरेका छन्। सो पुस्तकबाट पनि श्री ३ चन्द्रका समयको केही कुरा थाहा पाइन्छ। परन्तु सो थाहा पाउन एक मुरी भूसबाट एक माना चौवल निकाल्न झैं परिश्रम गर्नुपर्छ।

सर्कार्को उदयेमहाँ हुकुम भै खरीज गरी राज्कुलो
सारा पल्टनलाइ भोज बकस भै पोसाक् पैहंलो मिल्यो।
पाण्ढीकी पनि खारिजे गरि जहाँ मैदान बनाई सफा
धेरै खर्च गरेर सुन्दर बन्यो श्रीसिंहदर्वार अहा ॥

[ वि.सं. १९७० मा प्रकाशित पण्डित जगन्नाथ वैजनाथ सेढाईंको चन्द्र-मयूखको २५ पृष्ठ ]

सिंहदरवार नबन्दै त्यहाँ पाण्ढीकी = पानी ढिकी = पानीबाट चल्ने ढिकी जस्तो यन्त्र = टकसार थियो भन्ने कुरो यही पुस्तकबाट बुझिन्छ। तर यो बुझ्न कैयन पत्रको पाठ गर्दै बिर्सँदै दिन बिताउनुपर्छ।

वजिरिस्थानको यात्रा भारतको सीमाप्रान्तमा अंग्रेजी राज्यको रक्षा गर्न गएका नेपाली सेनाको केही वर्णन गरेको श्री ३ चन्द्र र उनका पुत्र श्रीबबर (भूतपूर्व रक्षामन्त्री) को गुणवर्णन भएको एउटा पुस्तक हो। यसबाट पनि परिश्रमगरी केलाउँदा केही कुरो पाइन्छ।

हाम्रा ठूला सुमित्रे निजउपरमहाँ काम पर्दा अहीले
ओजीरीस्थानमा गै लडिकन बहुतै फर्कि आएँ म ऐले।
हिन्दुस्थान्मा अगाडी जउन हुन गयो म्यूटिनी भारि त्यस्मा
आई हामीहरुले लडि त अघि परी ज्यान दीयौं बखत्मा ॥३०४॥

(४०)

साठी वर्ष पछाडी बखत अति ठुलो आइपर्दा अहीले
सोही माफिक गरीकाम् वृटिस उपरमा ज्यान दीयों खुशीले।
मैत्रीसूत्रै बलीयो गठन हुनगई स्रेङ्ग-नेपाल्बिचैमा
बाँधीयाको जउन्हो पछि तलकपनी बढ्न जाओस् दुवैमा ॥३०५॥

[ वि.सं. १९७५ मा प्रकाशित क.प. योगविक्रम जङ्ग राणाको
वजिरिस्थानको यात्राको ४९ पृष्ठ]

नेपालका राणा शासकहरु भारतको अंग्रेजी राज्यसँग जुन सम्बन्ध गरुन्न चाहन्थे, त्यसको झलक यहाँ पाइन्छ। अर्के विषयका पुस्तक-हरुमा पनि प्रसङ्गवशले लेखकले मालिकलाई रिझाउन उनको वर्णन गरेको पनि कतै कतै पाइन्छ। त्यहाँ ती कविहरुले मालिकलाई रिझाउन अतिशयोक्तिले वर्णन गरेका हुनाले सो वर्णन गुणदोष परीक्षाका लागि काम नलागे पनि समयनिर्धारणका लागि ती लेख-हरु काम लाग्दा हुन्छन्। जस्तो —

दाज्यै खडा छन अहा झलमल्ल चन्द्र
स्यानन्द पारि सब लोक अजाततन्द्र ॥ ३६७ श्लो.

[ वि.सं. १९७६ मा प्रकाशित पण्डित लेखनाथ पौड्यालयको सत्य-
कलिसंवाद ]

भूत्राणार्थीभिवद्राणाकुलाम्भोनिधिकौस्तुभे ।
नेपालदेशभूभाग भागधेयसमुद्भवे ।
- - - - - - - - - - - - -

(४१)

निजप्रजा निर्विशेष प्रजाक्षेम प्रसारिणि ।

\- - - - - - - - - -

श्रीश्रीश्रीमन्महाराज चन्द्रशम्शेर वर्मणि ।
निस्तन्द्रतां समाप्नुने प्रजारञ्जनकर्मणि॥ २३१ पृ.

[ वि.सं. १९८४ मा प्रकाशित भएको पण्डित कुलचन्द्र गौतमको भागवतमञ्जरी ]

नेपालका महाराज चन्द्रशम्शेर जङ्गको ।
अथवा सब नेपाली हाम्रो असलभाग्यको ॥

\--- --- --- --- ---

यहाँसम्म भिजेको छ सुधा हाम्रो शरीरमा ।
कि महाराजको हामी खाली एक हुकूमले ॥
हजारौं तोपका गोला शत्रुका वर्षंदा पनी ।
लाखौं बन्दूकका गोली छातीभित्र घुसे पनी ॥
नङ्गा गर्दनमा कोटि तल्वार चले पनी ।
हामी निशानको निम्ति दिनेछैनौं कहीं पिठ ॥
सधैं गौरव राख्नेछौं गोरखाको, बढी बढी ।
जानेछौं स्वर्गको सीमासम्मने नहटी कतै ॥
श्रीमहाराजको प्यारो पाउको रजको टिका ।
लाई विभूतिको सट्टा चल्नेछौं रणभूमिमा ॥

[ वि.सं. १९८६ मा प्रकाशित भएको श्री बालकृष्ण शम्शेरको मुटुको व्यथामा श्री ३ महाराजको जन्मोत्सवको कविता। ]

(४२)

यी लेखबाट वि.सं.१९७६, ८४, ८६मा श्री३चन्द्र नेपालमा रजाइँ गरिरहेका रहेछन् भन्ने स्पष्ट बुझिन्छ।

यी घटना नजीकैका भएका हुनाले हामीहरु मुखबाट पनि बुझ्न शक्छौं। तर शय वर्ष नाघिसकेका घटनाहरु बुझ्न यस्तै साधन नभैकनलाई सुख पाईदैन।

कान्तिपुरबाट ललितपुर जाने बागमतीको पुलमा रहेको ढुङ्गे खाँबोमा कुँदिएको लेखको केही अंश तल दिइन्छ। त्यसबाट विक्रमसंवत् १८६८ को नेपालको केही झलक र श्रीभीमसेन थापाको अधिकार सफासंग देखिन्छ)–

"श्रीगीर्वाणयुद्धविक्रमशाह महाराजाधिराज पैदा हुनुभयो--। जस् महाराजाको सकल मन्त्रिविषे शिरोमणि भयाका भीमसेनथापा काजी छन्। जो काजी दैववशले श्रीस्वामीज्यूको अकस्मात् परलोक हुनु यहि घोर विघ्न आउँदामा पनि धीर गंभीर बुद्धिले सकल उपद्रवको निवारण गरि श्रीमहाराजाको रक्षा गर्न्या, श्रीमहाराजाको आयुष्य पुण्य प्रताप कीर्ति राज्य बढोस् भन्नानिमित्त बहुत दिनदेषि जीर्ण भयाको भंडारखाल्कन अनेक तरहका चुनागिरिले जग्‌जग् भयाका अनेक तरहका फलफूलका वृक्ष औषधि लतादिले पूर्ण भयाको अ अति सुन्दर तुल्याउन्या, जग्गा जग्गामा बाटाको संस्कार गरि सडक बनाउन्या, सहरका ढोका ढोका छेउका पाटीहरु दर्वारको

(४३)

सुनको ढोकाहेरु बनाई संस्कार गर्न्या वारूदखाना मजाकदेवल विष्णु-
मतीको पूल वारीवारीका धर्मशाला घाट सुनको धारा गोर्खाको दरवार इ-
त्यादि बनाउन्या. आफ्ना प्रभुकन बाल्यावस्थैमा धनु हान्न, हरिकथाश्रवण
गर्न घोडा चढन पौड्न इत्यादि सकल राजनीतिमा कुशल तुल्याउन्या
जस्का क्रोधमा सब थर्थरायमान काँपदछन. जो आफ्ना प्रभुविषे मह-
तारि झैं हित गर्दछन. पिता झैं उपदेशको वार्ता विंति गर्दछन. बंधुवर्ग झैं
स्नेह गर्दछन. सखि झैं सुख दिंछन. सेवामा दास झैं जो रहंछन. ज-
स्का मंत्रणामा चीनका पात्साह सितको घाहा पनि बंदो जांछ. जस्का
मंत्रणाले आफ्ना वावा अमरसिंह थापा काजीलाई सिमानामा राषनाले
वढ्याको फिरंगी पनि आकन शकदैन. जस्का भाइ नयनसिंह थापाले
पनि काङ्डा कोटमा प्रभुका निमित्त लडाञिमा प्राण दिया. जो काजी यो
नेपाल उपद्रवको घर हो. प्रभु भन्या बालक मैले सह्यार गर्न्या हो भन्ना
निमित्त गृहसुख छोडि पनि दरवारमा बसी भित्रबाहिर सर्वत्र नजर दि-
खवर्दार भै रहंछन. जस्ले लगायाका भाई वखतवारसिंह काजी श्री
महाराजका हजुरैमा बसी श्रीमहाराजका रक्षा रात दिन गर्दछन. जस्का
रक्षा निमित्त बडा भ्रातृभक्त भयाका अमृतकाजी र रणवीर काजी सर्वदा
साथ रहंछन ।"

यहाँ केही पुरानो भाषा भएँ पनि नबुझिने केही छैन। यतावाट अंग्रे-
जसँग नेपालको संबन्ध र लडाइँ पर्ने सम्भावना स्पष्ट देखिन्छ। नेपा-

(४४)

त्नमा एक राजतन्त्रको पूर्ण अधिकार मन्त्रीको हातमा परेको पनि स्पष्ट देखिन्छ।

भीमसेन थापाको त नाम सुन्ने र केही केही कुरा बुझेका मानिस पनि पाइन्छन् तर ~~॥~~ लिच्छविहरूको त नामसम्म पनि तिनै ढुङ्गासँग सोध्न नगई सुख पाईंदैन। लिच्छविकालका शिलापत्रहरू नपढेसम्म लिच्छविवंशले नेपालमा राज्य गर्‍यो भन्ने पनि थाहा थिएन। अझसम्म पनि ती शिलालेखहरूको छानबीन राम्ररी नगरेका हुनाले विदेशी विद्वान्हरूले र तिनका शिष्यहरूले अंशुवर्मा जस्ता प्रख्यात राजाको वंशपरिचयमा समेत भ्रम फैलाइरहेका छन्। यसै गरी तिनीहरूले नानाथान गरी मानदेवको चाँगुको ढुङ्गे खामोको लेखको समयलाई समेत दुइ अढाइ शय वर्षको अन्तरमा पारिरहेछन्। यसै गरी कसैले शिवदेवको भादगाउँको शिलालेखको संवत्लाई ३१८ भन्दछन् ता अर्को चाहिं ५१८ भन्दछन्। यसरी अङ्कको खिचोलो हुँदैछ। यसै गरी संवत्को नामकरणमा पनि नानाथरिका तर्कहरूले आश्रय पाइरहेछन्। परन्तु एउटा सौभाग्यको कुरा लिच्छविहरूले संस्कृतभाषामा व्यवहार गरेका हुनाले भाषाको अर्थ निर्धारित भएको हुँदा भ्रम हुने सम्भावना कम छ। भारतमा पाइएका प्राकृत भाषाका शिलालेखमा परेका शब्द राजाको विशेषण हो कि अथवा राजाको नाम हो भन्ने कुरामा समेत सो प्राकृत शब्दको अनेक संस्कृत शब्दमा अनुवाद गर्दा संशय उठेको छ। (कलवानको ताँवापत्र)

यसकारण अक्षर अङ्क भाषाहरूको बन्धन नाघी बत्त्ल तल्ल हा-

(४५)

मीहरू प्राचीन लेखमा पुग्न सक्छौं । आधुनिक लेखजस्ता प्रशस्तमात्रामा तिनीहरू नपाइने हुँदा झन कष्ट पर्छ र अत्यन्त थोरै ऐतिहासिक सारसम्म पाउन पनि धौ धौ पर्छ र इतिहासको मुख्य प्रयोजन गुणदोष-परीक्षा त यस्ता ठाउँमा गर्न अतिशय कष्टमय हुन आउँछ ।*

नयराज पन्त

---

* नेपाली गद्य-संग्रह (दोस्रो भाग) को १३३— १३९ पृष्ठमा यो लेख प्रकाशित भएको छ ।